# संघीय संसद
# राष्ट्रिय सभा
# अठारौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १९ बैशाख २०८२
# शुक्रबार
# बैठक सङ्ख्या- ३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १७:२० बजे प्रारम्भ भयो।

(१७:२० बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई सम्वत् २०८२ साल वैशाख १९ गते सम्माननीय राष्ट्रपति महोदयबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनको प्रति सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु।

(१७:२१ बजे) सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सम्माननीय राष्ट्रपति महोदयबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सभाको संयुक्त बैठकलाई आजै अपराह्न ३:०० बजे गर्नुभएको सम्बोधनको प्रति राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ३६ को उपनियम (१ख) बमोजिम यस सम्मानित सभा समक्ष टेबुल गर्दछु। धन्यवाद।

(१७:२२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब, सम्माननीय राष्ट्रपतिबाट दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि सम्माननीय राष्ट्रपति महोदयमा धन्यबाद ज्ञापन गर्न देहाय बमोजिमको धन्यवादको प्रस्ताव प्रस्तुत गर्दछु।

"सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०८२ साल वैशाख १९ गते अपराह्न ३:०० बजे गर्नुभएको सम्बोधनका लागि राष्ट्रिय सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ।"

माननीय सदस्यहरू, उपरोक्त प्रस्तावलाई सहमति जनाइदिनुहुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, उपरोक्त प्रस्तावलाई सभाको सहमति भएको व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरू, नेपाल सरकारको नीति तथा कार्यक्रममाथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ३८ को उपनियम (२) वमोजिम संशोधनको सूचना पेस गर्न चाहनुहुने माननीय सदस्यहरूले सम्वत् २०८२ वैशाख २१ गते बिहान ११ बजेदेखि अपराह्न २ बजेभित्र कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा सूचना दिन सकिने र संशोधनको सूचना फाराम सोही शाखाबाट उपलब्ध हुने व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट गरिएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८२।०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल गर्न सम्वत् २०८२ वैशाख २२ गते र २३ गतेको दिन निर्धारण गरिएको ब्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, आर्थिक वर्ष २०८२।०८३ का लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि हुने छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको नाम दलीय प्रतिनिधित्वको आधारमा छलफल हुने दिनको १ दिन अगावै कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल वैशाख २१ गते आइतबार अपराह्न १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल वैशाख २१ गते आइतबार अपराह्न १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

**स्थगितः १७:२५ बजे।**